आ.व २०७७।०७८ का बैठक न. ८

आज मिति २०७७ साल फाल्गुन ९ गते आईतवार दिउसो १ वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति :**

| क्र स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | भावना भण्डारी | नगर उप प्रमुख | |
| ३ | दिपक राना | वडा नं. १ वडा अध्यक्ष | |
| ४ | काली बहादुर वली | वडा नं. २ वडा अध्यक्ष | |
| ५ | लिला बहादुर शाह | वडा नं. ३ वडा अध्यक्ष | |
| ६ | खम्बजंग शाह | वडा नं. ४ वडा अध्यक्ष | |
| ७ | श्यामलाल जैसी | वडा नं. ५ वडा अध्यक्ष | |
| ८ | शशिराम बुढा | वडा नं. ६ वडा अध्यक्ष | |
| ९ | चन्द्र बहादुर शाही | वडा नं. ७ वडा अध्यक्ष | |
| १० | कर्ण बहादुर कार्की | वडा नं. ८ वडा अध्यक्ष | |
| ११ | ध्रुव प्रसाद पौडेल | वडा नं. ९ वडा अध्यक्ष | |
| १२ | ठकेन्द्र बहादुर राना | वडा नं. १० वडा अध्यक्ष | |
| १३ | नन्द बहादुर वर कामी | वडा नं. ११ का.बा. वडा अध्यक्ष | |
| १४ | निम बहादुर भनारी | वडा नं. १२ वडा अध्यक्ष | |
| १५ | गोपाल बटाला | वडा नं. १३ वडा अध्यक्ष | |
| १६ | पार्वती वि.क | कार्यपालिका सदस्य | |
| १७ | मनकला नेपाली | कार्यपालिका सदस्य | |
| १८ | रति वि.क | कार्यपालिका सदस्य | |
| १९ | सृजना वि.क | कार्यपालिका सदस्य | |
| २० | विर बहादुर बादी | कार्यपालिका सदस्य | |
| २१ | मिना पुन | कार्यपालिका सदस्य | |
| २२ | भद्रकला डाँगी | कार्यपालिका सदस्य | |
| २३ | विन्दु शाही | कार्यपालिका सदस्य | |
| २४ | दल बहादुर घर्ती | नि प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| २५ | प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २६ | अनिश शाह | अधिकृत | |
| २७ | सुर्य प्रसाद लम्साल | सूचना अधिकारी | |
| २८ | सनत दवाडी | सहायकस्तर पाँचौ | |
| २९ | राजेन्द्र बहादुर कठायत | लेखापाल | |
| ३० | चन्द्रीका चोलागाई | अधिकृत राजस्व शाखा प्रमुख | Chaulagain |
| ३१ | केदार बहादुर कार्की | सहायक चौथो | |

Scanned with CamScanner

निर्णयहरू:

१. भूमि सम्बन्धी समस्या समाधान आयोगको लगत संकलन कार्यविधि, २०७७ को बुँदा नं. ५ को (२) बमोजिम प्रत्यक स्थानीय तहले बस्तीको तहगत क्षेत्र तोक्नु पर्ने प्रावधान बमोजिम यस नगरपालिकाको वडा नं. ३ को तल्लो थाप्ले देखि वडा नं. ४ को बसपार्क, रानागाउँ र गैरीखाली देखि दरबार क्षेत्र, पिपलडाँडा, ठाँटी र थाप्लेसम्मको सम्पूर्ण क्षेत्रलाई सहरोन्मुख क्षेत्र र यस बाहेक अन्य सबै वडाका सम्पूर्ण क्षेत्रलाई ग्रामीण क्षेत्र तोक्ने ।

२. भूमि सम्बन्धी समस्या समाधान आयोग र यस नगरपालिकाबीचमा मिति २०७७।८।३० मा सम्पन्न संझौता बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासिहरूको लगत संकलन, लगत प्रविष्टिकरण लगायतको सम्पूर्ण कार्यहरू गर्ने जिम्मेवारी स्थानीय तहको भएको र सो सम्बन्धमा जनशक्ति परिचालन, यन्त्र उपकरण, कार्यालय सामान खरिद तथा व्यवस्थापनका लागि रू १८ लाख यस चालु आ.व. २०७७।७८ को समपूरक कोषमा बिनियोजित बजेटबाट खर्च लेख्ने ।

३. कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७७।११।९ को प्राप्त मेल अनुसार समपूरक अनुदान तथा बिशेष अनुदानतर्फ आ.व. २०७८।७९ मा कार्यान्वयन गर्नका लागि देहाय बमोजिमका योजना तथा कार्यक्रम प्रस्ताव गरी पठाउने:

**<u>समपूरक अनुदानतर्फः</u>**

क. पाईला एफ एम देखि स्वास्थ्य सेवा कार्यालय सम्मको पक्की सडक निर्माण

ख. गैरीखाली देखि नेटीबजार मछाइनासम्मको सडक निर्माण

ग. कुदु रंगशाला निर्माण

**<u>बिशेष अनुदानतर्फः</u>**

क. बालबालिकासंग मेयर कार्यक्रम (बालमैत्री नगरपालिका घोषणाका लागि)

ख. जातिय छुवाछुत मुक्त नगरपालिका घोषणा कार्यक्रम

ग. मिथेंग्रा डोढारे खानेपानी योजना निर्माण, वडा नं. ७

४. प्रधानमन्त्री रोजगार कार्यक्रमको आ.व. २०७८।७९ का लागि रोजगारी प्रदान गर्न तोकिएको समयभित्र बेरोजगारहरूको विवरण संकलन गरी पेश गर्ने सम्बन्धमा जानकारी भयो । उक्त कार्यका लागि सबै वडाहरूलाई निर्देशन दिने ।

५. नगरपालिकाको स्वीकृत बजेट कार्यक्रम अनुसार संचालन हुने तथा संचालन भईरहेका रू ५ लाख भन्दा कम लगतका योजनाहरू कार्य सम्पन्न भईसकेपछि सम्बन्धित वडा कार्यालयबाट भएको अनुगमन तथा मूल्यांकनका आधारमा कार्यालयले भुक्तानी दिने व्यवस्था गर्नका लागि कार्यालयलाई निर्देशन दिने ।

६. यस नगरपालिकाको वडा नं. ४ को बिपि बाटीका नजिक निर्माणाधिन अवस्थामा रहेको खलंगा सहलगानी योजनाको रिजर्भायर ट्यांकी निर्माण भई पानी संकलन भईरहेको र रानागाउँमा रहेको पुरानो ट्यांकीमा पानी नभई समस्या परेकोले अर्को व्यवस्था नभएसम्मको लागि सहलगानी योजनाको ट्यांकीबाट पुरानो ट्यांकीमा

Scanned with CamScanner

पानी झार्नको लागि वडा कार्यालयवाट माग सिफारिस भएअनुसार ६३ m/m को २६३ मिटर आवश्यक पाईप कार्यालयमा रहेको मौज्दातबाट उपलब्ध गराउने ।

७. नगरपालिकाको निर्माणाधिन प्रशासकीय भवन रहेको जग्गा साँघुरो भई जाजरकोटी ठकुरीहरूको कुल देवताको मन्दिर रहेको जग्गा प्राप्तीका लागि यस नगरपालिकाको गत नरसभाबाट सम्बन्धित सरोकारवालाहरूसंग छलफलका लागि ३ सदस्यीय कार्यदल गठन गरिएकोमा उक्त कार्यदलले सरोकालवालहरूसंग छलफल गर्दा तोकिएको स्थानमा नगरपालिकाले मन्दिर र मन्दिरको चारैतिर कम्पाउण्ड वाल, खानेपानी, धारा ट्वाइलेट र विश्रामस्थल निर्माण गरिदिने र हाल मन्दिरका नाममा रहेको कि.नं. को उक्त जग्गा नगरपालिकालाई हस्तान्तरण गर्ने सहमति भई कार्यदलले प्रतिवेदन पेश गरेकोले सहमति बमोजिम मन्दिर लगायतका संरचना निर्माणका लागि लगत इष्टिमेट तथा डिजाइन गरी कार्यपालिकाको अर्को बैठकमा पेश गर्न र जग्गाको स्वामित्व प्राप्तीका लागि प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

८. तपसिलमा उल्लेखित निकायबाट माग भई आएका तपसिलमा उल्लेखित कार्यका लागि गत आ.व.को खर्च नभई संचित कोषमा मौज्दातबाट खर्च लेख्ने गरी भुक्तानी दिने ।

| क्र.सं. | कार्यक्रम | रकम रू |
|---|---|---|
| १. | टोल विकास संस्थाका लागि तालिम संचालन गर्न सहकर्मि समाजलाई | ५ लाख |
| २. | अस्थायी प्रहरी पोष्ट वडा नं. ३ स्याँलालाई प्लाष्टीक कुर्षि १० थान, काठको टेवुल १ थान, काठको बेन्च २ थान | कार्यालयले खरिद गरी हस्तान्तरण गर्ने |
| ३. | क्वारेन्टाइन रहेको भवनको बेन्च मर्मत, त्रि.मा.वि. खलंगा | २१ हजार |

९. यस नगरपालिकाबाट चालु आ.व. २०७७।७८ मा ढुंगा, गिट्टी, बालुवाको राजश्व संकलन सम्बन्धमा दुई दुई पटक टेण्डर आव्हान गर्दा पनि टेण्डर पेश नभई नगरपालिका स्वयंले जनशक्ति व्यवस्थापन गरी राजश्व संकलन गर्ने भनी नगर कार्यपालिकाको मिति २०७७।६।१३ को निर्णय अनुसार करारमा कर्मचारी भर्ना गरी राजश्व संकलन गर्दै आएकोमा राजश्व संकलन सन्तोषजनक नदेखिएकोले २०७७।१२।१ गतेदेखि लागु हुने गरी करारमा राखिएका कर्मचारीहरूसंगको सम्झौता भंग गरी प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनले तोकेका देहायका स्थानबाट देहाय बमोजिम परिमाणमा ढुंगा, गिट्टी, बालुवा विक्रि वितरण गर्न पाउने गरि तत् तत् स्थानका लागि प्रचलित कानून अनुसार शिलबन्दी बोलपत्र आव्हान गरी राजश्व संकलनको प्रभावकारी व्यवस्था गर्न कार्यालयलाई निर्देशन दिने ।

तपसिलः

| क.सं. | संकलन/ उत्खनन् गरिने क्षेत्र | वडा नं. | उत्खनन्/सङ्कलन गर्न मिल्ने परिमाण (घ.मि.) | दर | अनुमानित राजस्व | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | क्षेत्र १ (रिम्ना नाका) | वडा नं १ | ५२५० | १०० | ५२५००० | |
| २ | क्षेत्र ४ (कालेगाउ नाका) | वडा नं १ | १०००० | १०० | १०००००० | |

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | क्षेत्र ५ (पासा गाड) | वडा नं.४ | ४००० | १०० | ४००००० | |
| ४ | क्षेत्र ६ (लामिटारा नाका) | वडा नं.११ | ४००० | १०० | ४००००० | |
| ५ | क्षेत्र ७ (बारेला खोला) | वडा नं.१२ | १००० | १०० | १००००० | |
| ६ | क्षेत्र ९ (राक्से नाका) | वडा नं.१३ | २००० | १०० | २००००० | |
| ७ | क्षेत्र ११ (इम्लिचौर/वडावालुवा नाका) | वडा नं.१३ | ८००० | १०० | ८००००० | |
| ८ | क्षेत्र १२ (खिड खोला) | वडा नं.१० | ८००० | १०० | ८००००० | |
| ९ | क्षेत्र १३ (बुंग्रेखोला) | वडा नं.१० र ११ | २००० | १०० | २००००० | |
| १० | क्षेत्र १४ (खोदो खोला नाका) | वडा नं. ८ र ९ | ४००० | १०० | ४००००० | |
| | **जम्मा** | | ४८२५० | | ४८२५००० | |

१०. यस नगरपालिकाको वडा नं. २ पुराना रिसाङ खोला देखि दुलेसम्मको सडक निर्माणका लागि रू ५ लाख बिनियोजन भएकोमा प्राविधिक ल.ई. बमोजिम उक्त रकमबाट सडक निर्माण सम्पन्न नसक्ने देखिएकोले रू ३ लाख सन्चित कोषबाट खर्च लेख्ने गरी थप गर्ने ।

११. यस नगरपालिकामा रहेका पुरांना ५ वटा स्वास्थ्य सेवाकेन्द्रहरुको औषधि खरिदका लागि यस चालु आ.व.मा रू १४ लाख मात्र विनियोजन भई आएको र ७ वटा वडामा नयाँ स्वास्थ्य सेवा केन्द्र थप भई उक्त रकमबाट खरिद भएको औषधि १२ वटा सेवा केन्द्रमा वितरण गर्दा समाप्त भई सेवा केन्द्रमा उपचारमा आउने विरामीहरूको उपचारमा समस्या परिरहेको र गर्मि सिजन शुरू भई निकट भविष्यमा फैलिन सक्ने झाडापखाला लगायत महामारीजन्य रोगको रोकथाम तथा उपचारका लागि पूर्व तयारी समेत गर्नु पर्ने भएकोले रू १८ लाख संचित कोषमा मौज्दात रकमबाट खर्च लेख्ने गरि औषधि खरिद गर्ने ।

Scanned with CamScanner